आज मिति २०७८।०४।१६ गते झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमिल्सिनाज्यूको संयोजकत्वमा जिल्ला कोभिड खोप व्यवस्थापन समितिको बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

प्रमुख जिल्ला अधिकारी, श्री श्रवण कुमार तिमिल्सिना, जिल्ला प्रशासन कार्यालय, झापा

सहायक प्रमुख जिल्ला अधिकारी, श्री तिलोचन रिमाल, जिल्ला प्रशासन कार्यालय, झापा

प्रमुख सेनानी, श्री अमरजंग थापा, नयाँ श्रीनाथ गण, चारआली, झापा

प्रहरी उपरिक्षक, श्री सानुराम भट्टराई, जिल्ला प्रहरी कार्यलय, झापा

सशस्त्र प्रहरी उपरिक्षक, श्री रमेशकुमार पाण्डे, सशस्त्र प्रहरी वल, २ नं. गण हे.क्वा, झापा

उप-अनुसन्धान निर्देशक, श्री तिलक शर्मा प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा

मेडीकल सुपरीटेन्डेन्ट डा., श्री टंकप्रसाद बारकोटी, मेची अस्पताल, झापा

जिल्ला समन्वय अधिकारी, श्री लालबहादुर श्रेष्ठ, जिल्ला समन्वय समितिको कार्यालय, झापा

नि. कार्यालय प्रमुख, योगराज घिमिरे, स्वास्थ्य कार्यालय, झापा

आमन्त्रित

खोप अधिकृत, श्री इश्वरी पौडेल, स्वास्थ्य कार्यालय, झापा

अधिकृत, श्री जिवन चौलागाई, स्वास्थ्य कार्यालय, झापा

निर्णयहरुः-

१. मिति २०७८/०४/१५ गते विर्तामोड नगरपालिका स्थित टायमलेस मुमेन्ट होटलमा कोभिड-१९ विरुद्धको चाइनिज खोप भेरोशिलको कार्टुन सहित विर्तामोड नगरपालिकाको कोभिड-१९ फोकल पर्सन ओमबहादुर खड्का शंकास्पत अवस्थामा फेला परेको सम्बन्धमा यथार्थ छानविन गरि ७(सात) दिन भित्र प्रतिवेदन पेश गर्ने गरि सहायक प्रमुख जिल्ला अधिकारी श्री तिलोचन रिमालको संयोजकत्वमा देहाय अनुसारको समिति गठन गर्ने ।

देहाय :

| | |
|---|---|
| स.प्र.जि.अ. श्री तिलोचन रिमाल, जिल्ला प्रशासन कार्यालय झापा | - संयोजक |
| जि. स. अधिकारी, श्री लालबहादुर श्रेष्ठ, जिल्ला समन्वय समितिको कार्यालय, झापा | - सदस्य |
| प्र.ना.उ. श्री राकेश थापा, जिल्ला प्रहरी कार्यालय झापा | - सदस्य |
| स.प्र.ना.उ. श्री प्रेम प्रसाई, सशस्त्र प्रहरी बल नेपाल, नं. २ गण हेक्वा , झापा | - सदस्य |
| अनुसन्धान अधिकृत श्री किरण भट्टराई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा | - सदस्य |

२. बिर्तामोड नगरपालिकाका कोभिड फोकल पर्सन श्री ओमबहादुर खड्कालाई उक्त छानबिन नटुङ्गिदा सम्म खोप सम्बन्धी कुनै पनि गतिविधिमा संलग्न नगराउन विर्तामोड नगपालिकालाई अनुरोध गर्ने ।

३. हालसम्मको कोभिड-१९ विरुद्धको खोपको विवरण सार्वजनिक गर्न स्वास्थ्य कार्यालय, झापालाई निर्देशन दिने ।

४. झापा जिल्लाका स्थित प्रेट्रोल पम्पहरुमा काम गर्ने ३०० जना कामदारहरुलाई चारआली डिपोमा गई कोभिड-१९ विरुद्धको खोप (जोनसोन) लगाउने व्यवस्था स्वास्थ्य कार्यालय, झापाले गर्ने ।